भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०८३ बैसाख ७ गते


प्रकाशकः

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१

फ्याक्स नं. ०५६५१५७७१

टोल फ्री नं. १६६०५६५२२२२

वेवसाईटः www.bharatpurmun.gov.np

ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्लाः चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- वडा संख्याः २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्याः ९६५९१ जनसंख्याः ३६९२६८ महिलाः१९०३७१ पुरुषः१७८८९७ साक्षरता प्रतिशतः ८७.२० (जनगणना २०७८ बमोजिम)
- कार्यरत कर्मचारी संख्याः ८३४
- औसत तापक्रमः न्यूनतम १० डिग्री सेल्सीयस. देखि अधिकतम ४२ डिग्री सेल्सीयस सम्म
- विद्यालयः आधारभूत विद्यालय ७९, मा. वि. १३०

प्रमुख प्रशासकीय अधिकृत

## २. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

प्रमुख प्रशासकीय अधिकृत

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ४४२ रहेकोमा हाल ८३४ जना कार्यरत रहेका छन्।

४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृद्धि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |

...प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

### ५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

### ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री बिरेन्द्र देव भारती समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

### ७. २०८२ माघ १ गते देखी चैत्रमसान्तसम्म महाशाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु

## मुख्य तथा गौरवका आयोजनाहरू

⇨ गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला

❖ महानगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको बाँकी कार्य सम्पन्न गर्ने उद्देश्यले भरतपुर महानगरपालिका, बागमती प्रदेश र संघीय सरकारको संयुक्त आर्थिक लगानीमा निर्माण कार्य तीव्र गतिमा भईरहेको छ। भुक्तानीका लागि प्रदेश सरकारले निकासा गर्नुपर्ने रकम हालसम्म पनि निकासा नगर्दा ४५ प्रतिशत मात्र भौतिक प्रगति भई रु.३४ करोड ८० लाख खर्च भएको छ।

⇨ महानगरपालिकाको प्रशासकीय भवन

प्रमुख प्रशासकीय अधिकृत

❖ संघीय सरकार, प्रदेश सरकार र भरतपुर महानगरपलिकाको साझेदारीमा निर्माण गरिएको महानगरपालिकाको अत्याधुनिक प्रशासकीय भवनको समुद्घाटन भई सोही भवनबाट सम्पूर्ण सेवाहरु सुचारु गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

⇨ **पुङ्गिखोला सौन्दर्यीकरण**

❖ पुङ्गिखोला सौन्दर्यीकरण कार्यको लागि आ.व.२०८२/०८३ मा रु. ३ करोड ७० लाखको बोलपत्र आव्हान भई सम्झौता भई ४० प्रतिशत भौतिक प्रगति र ३० प्रतिशत वित्तीय प्रगति भएको छ ।

⇨ **फाउण्डेसन सहित मेशजाली**

❖ संघीय सरकारको विशेष अनुदानमा वन्यजन्तुका कारण हुने मानवीय तथा कृषि उपजको क्षतिलाई न्यूनीकरण गर्न वडा नं १६,१७ र २८ मा फाउण्डेसन सहितको मेशजाली लगाउने कार्य यस आ.व २०८२/०८३ मा रु १ करोड ४३ लाखको बोलपत्र भई ७०० मि. निर्माण कार्य सम्पन्न भई बाँकि ८०० मिटर निर्माणाधीन रहेको छ ।

⇨ **CCTV जडान कार्य**

➢ शान्त ,सुरक्षित र भयमुक्त भरतपुर महानगर निर्माणको आधारशिलाको रुपमा शहरका प्रमुख ४१८ स्थानमा CCTV जडान गर्ने सम्झौता भएकोमा २५० वटा सि.स क्यामरा जडान कार्य भैसकेको र अन्य स्थानमा समेत जडान गर्ने कार्य तीव्र रुपमा भैरहेको छ ।

**मेयर विपन्न आवास कार्यक्रम**

❖ भरतपुर महानगरपालिकाको मेयर विपन्न आवास कार्यक्रम अन्तर्गत छनौट भएका १३९ घर परिवार मध्ये ५६ वटा घर परिवारको लागि आवास निर्माण भईरहेको छ।

**डिजिटल घर नम्बर तथा सडक ठेगाना प्रणाली**

❖ भरतपुर महानगरपालिकाको Digital Profile , Office Automation, House Numbering, Street Naming आदि को लागि ' Development, Establishment And Implementation Of Effective House Numbering And Street Addressing System Including Preparation Of Web Based Digital Profile' कार्यको सम्झौता भई कार्य अगाडि बढेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

⇨ **शहरी पूर्वाधार विकास तर्फ**

❖ चालु आर्थिक वर्षमा भुक्तानी बाँकी रहेका विभिन्न योजनाहरु अन्तर्गत सडक योजनाहरुको जम्मा ५ कि.मि.कालोपत्रे सम्पन्न भएको छ। हालका विभिन्न सडक कालोपत्रे योजनाहरुको कार्य तीव्र रुपमा अघि बढी धेरै योजनाहरुमा सब-बेस सम्मका कार्य हुँदै गरेको छ ।

❖ विभिन्न संघसंस्थाहरुको ३५ वटा सामुदायिक भवनहरु सम्झौता बमोजिम निर्माण कार्य हुँदै छन् ।

❖ सडक मर्मत अन्तर्गत विभिन्न वडाहरुमा जम्मा १३.१२ कि.मि. सडक मर्मत कार्य सम्पन्न भएको छ (गत आ.व.को भुक्तानी बाँकी समेत) । साथै चालु आ.व. मा नियमित मर्मत संभार अन्तर्गत विभिन्न सडक खण्डको ५.६ कि.मि सडकको मर्मत कार्य सम्पन्न भएको छ ।

❖ सेतिदेवी वन पार्क पूर्वाधार निर्माण, ज्ञानेश्वर शिवालय मन्दिर पूर्वाधार निर्माण , जोर कुसुम पार्क जाने सडक स्तरोन्नति, कालिका आमा दुरा समाज, बसन्तचोक टोल जेष्ठ नागरिक तथा क्रियापुत्री भवन, गोर्खालि टोलमा मोज्याक टायल, राधाकृष्ण टोल संस्थाको लालिगुराँस चोक देखि बाइपास रोडसम्म दक्षिण तर्फको एक तर्फी नाला निर्माण, मंगलपुर आ.वि. खेल मैदान निर्माण, भद्रकाली चोकदेखि लप्टन चोकसम्म सडक कालोपत्रे जस्ता योजनाहरु सम्पन्न भई सकेका छन् ।

❖ वडा नम्बर ७ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

**संघीय र प्रदेश समपूरक र बिशेष योजना अन्तर्गतका योजनाहरु**

❖ रातापुर आधारभूत विद्यालय भवन निर्माण भरतपुर-२५ मा प्रदेश बिशेष अनुदानबाट प्राप्त रु ६५ लाखबाट बोलपत्र आव्हान भई विद्यालय भवन निर्माण कार्यको ५० प्रतिशत भौतिक प्रगति भएको छ ।

❖ वडा नं २६ को कार्यालय देखि रिङरोड जोड्ने सडक निर्माण अन्तर्गत ४ करोड ४९ लाख लागत अनुमान स्वीकृत भएकोमा भरतपुर महानगरको ८० प्रतिशत र प्रदेश समपूरकबाट २० प्रतिशत लागत साझेदारीमा हाल सम्झौता भई निर्माण कार्य हुँदै छ ।

❖ वडा नं २१ र २५ जोड्ने पकौडीबाट विशाल चोक सम्मको सडकमा अधुरो खण्ड सडक निर्माण कार्यको लागि ठेक्का सम्झौताको चरणमा रहेको छ ।

❖ चौबिसकोठी-मालपोतचोक- भरतपुर अस्पताल हुँदै कृषि ज्ञानकेन्द्र सम्म फुटपाथ सहित ड्रेन निर्माण भरतपुर-१० का लागि प्रदेश समपूरक अनुदानबाट २० प्रतिशत र भरतपुर महानगरबाट ८० प्रतिशत लागत साझेदारीमा रु. ३ करोड लागत अनुमानमा निर्माण कार्य सम्झौता भई धमाधम निर्माण भैरहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

- ❖ संघीय शसर्त अनुदान अन्तर्गतका योजनाहरुमध्ये ७ वटा सडक सम्बन्धि योजनाहरु सम्पन्न भई २९३७ मिटर सडक कालोपत्रे भएको छ ।
- ❖ GenZ आन्दोलनबाट क्षतिग्रस्त विभिन्न वडाहरुको पुननिर्माण कार्य भइरहेको छ ।

⇨ **भू-उपयोग तथा बस्ति विकास शाखा तर्फ**

- ❖ भरतपुर महानगरपालिकाको भू-उपयोग योजना निर्माण अन्तिम चरणमा पुगेको ।
- ❖ भरतपुर महानगरपालिकाको समग्र भौतिक गुरुयोजना लाई दिशानिर्देश गर्ने 'Preparation of Comprehensive Physical Development Plan of Bharatpur Metropolitan City' को सम्झौता भई कार्य अगाडि बढेको।
- ❖ सार्बजनिक निजि साझेदारी मोडेलमा भरतपुर महानगरपालिका लायन्स चोकमा अवस्थित भरतपुर मेट्रो प्लाजाको technical र financial proposal मूल्याङ्कन भई सम्झौता गर्ने चरणमा रहेको ।

⇨ **<u>शैक्षिक प्रशासन महाशाखा तर्फ</u>**

- ❖ आधारभूत र माध्यमिक तहको स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदानमा कार्यरत शिक्षक, विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरू समेतका फागुन महिनासम्मको पारिश्रमिक मासिक रूपमा निकासा। प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूलाई महानगरपालिकाबाट दिइने थप पारिश्रमिक र युवा स्वंमसेवक शिक्षकहरूको फागुन महिनासम्मको पारिश्रमिक मासिक रूपमा निकासा भएको ।
- ❖ दिवा खाजाको लागि सबै सामुदायिक/धार्मिक विद्यालयहरूलाई दोस्रो त्रैमासिक अवधिमा विद्यालय सञ्चालन भएको जम्मा ६० दिनको लागि प्रति विद्यार्थी प्रति दिन रु.२० का दरले जम्मा १७७५६ विद्यार्थीहरूको लागि संघीय अनुदानबाट रू १ करोड २० लाख ६४ हजार ९८०।- र प्रतिदिन प्रति विद्यार्थी रू ५ को दरले महानगरपालिकाको श्रोतबाट रू ३० लाख १६हजार ३९५।- गरी जम्मा रू २५ प्रति विद्यार्थी प्रति दिन का दरले जम्मा रू १ करोड ५० लाख ८१ हजार ३७५।- अनुदान निकासा भएको ।
- ❖ सामुदायिक विद्यालयमा विज्ञान शिक्षा सुदृढीकरण अन्तर्गत नारायणी नमूना माध्यमिक विद्यालयलाई रू ६० लाखको कार्यक्रम स्वीकृत गरी हालसम्म रू ३३ लाख १९ हजार ७ सय पन्चानब्बे रुपैयाँ निकासा भएको।
- ❖ सामुदायिक विद्यालयहरूमा सुलभ रूपमा प्राविधिक शिक्षा उपलब्ध गराउन माध्यमिक विद्यालयको प्राविधिक धार (९-१२) विद्यालय सुदृढीकरण अन्तर्गत भीमनगर माध्यमिक विद्यालय र प्रभात

माध्यमिक विद्यालयलाई सो कार्यक्रम सञ्चालनको लागि रु. एक्काइस लाख पैतालिस हजार रुपैयाँ निकासा भएको,

- श्री बालकुमारी माध्यमिक विद्यालयमा सञ्चालित बहुअपाङ्गता भएका विद्यार्थीहरू अध्ययनरत स्रोतकक्षाको सञ्चालन र व्यवस्थापनको लागि रु. पाँच लाख त्रिपन्न हजार रुपैयाँ निकासा,
- प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि सबै सामुदायिक विद्यालयहरूलाई रू ८० लाख ६९ हजार ८ सय ८ रुपैयाँ अनुदान निकासा भएको।
- कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन गर्ने २ वटा धार्मिक विद्यालय सहित ७७ वटा सामुदायिक विद्यालयका सबै छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम अन्तर्गत ८ हजार ९ सय ४७ विद्यार्थीहरूलाई १३ लाख ९६ हजार ४ सय ८० पिस सेनेटरी प्याड खरिद गरी वितरण गरिएको चालु शैक्षिक सत्रको मंसिर महिनासम्मको लागि विद्यालयमार्फत खरिद गर्ने गरी अनुदान रकम निकासा गरिएको ।
- मिति २०८२/१२/०८ गतेदेखि सञ्चालन भएको आधारभूत तह उतीर्ण परीक्षालाई प्रभावकारी विश्वसनीय र मर्यादित बनाउन विभिन्न ३१ वटा परीक्षा केन्द्र तोकी परीक्षा सञ्चालन भै रहेको। उक्त परीक्षामा सामुदायिक ७४, धार्मिक ५ र संस्थागत ८४ गरी १६३ विद्यालयका ७ हजार ६ सय ८१ विद्यार्थी सहभागी भएका छन।
- लोपोन्मुख, अतिसीमान्तकृत तथा दलित छात्रवृत्ति अन्तर्गत ७०१ जना लोपोन्मुख र अतिसीमान्तकृत तथा ४,५७९ दलित समेत गरी जम्मा ५,२८० जना विद्यार्थीहरूलाई रु. ६६ लाख ८२ हजार रूपैयाँ छात्रवृत्ति रकम वितरण गरिएको।
- क वर्गका बालविकास केन्द्रका सहजकर्ताहरूलाई मासिक रु.२ हजार प्रोत्साहन अनुदान अन्तर्गत ३ वटा विद्यालयका ७ जना बालविकास सहजकर्ताहरूलाई ६ महिनाको ८४०००।— (अक्षरेपी चौरासी हजार रुपैयाँ) निकासा भएको।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार र जिल्ला प्रशासन कार्यालयबाट प्राप्त उजुरी र गुनासाहरूको उपर प्रत्युत्तर पठाइनुका साथै फस्यौंट गरिएको। सबै विद्यालयहरूमा सूचना अधिकारी, गुनासो सुन्ने र लैङ्गिक सम्पर्क शिक्षक तोकी सूचना प्रवाह, लैङ्गिक उजुरी र गुनासोहरूको विद्यालयस्तरमा छानबिन र फस्यौंट गरिएको।
- .विभिन्न विद्यालयहरूका विद्यार्थीहरूबाट प्राप्त गुनासाहरूको सम्बोधन गरिएको ।
- .विभिन्न तहमा रिक्त भएका स्वीकृत दरबन्दी, राहत अनुदान र युवा स्वयंसेवक शिक्षक तथा विद्यालय कर्मचारीहरू गरी जम्मा २७ पदहरूमा पदपूर्तिका लागि अनुमति दिइएको।

प्रमुख प्रशासकीय अधिकृत

- .शैक्षिक सत्र २०८३ को लागि कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत सामुदायिक विद्यालयका सबै विद्यार्थीहरूको लागि नि:शुल्क पाठ्यपुस्तक व्यवस्थापनको लागि विद्यालयलाई निकासा गर्ने तयारी भएको ।
- शैक्षिक गुणस्तर सुधारको लागि सामुदायिक विद्यालयका प्रधानाध्यापकसंग शैक्षिक सुधारको लक्ष्य निर्धारण गरी कार्यसम्पादन सम्झौता गरिएको र सो सम्झौता कार्यान्वयनको लागि विभिन्न प्रयास गरिएको ।
- माध्यमिक तहमा सञ्चालित होटल म्यानेजमेन्ट, भौतिक शास्त्र, रसायन शास्त्र, जीवन विज्ञान विषयको लागि प्रयोगशाला मापदण्ड प्रारम्भिक मस्यौदा तयार भएको ।
- आ. व. २०८१।८२ मा सञ्चालित विद्यालय भौतिक पूर्वाधार सुधार कार्यक्रमको कार्यान्वयन अन्तिम चरणमा रहेको र चालु आर्थिक वर्षमा विद्यालय भौतिक पूर्वाधार सुधार कार्यक्रमका लागि छनौट भएका विद्यालयहरूको लागत स्टेमेट तयार गरी खरिद प्रक्रियाको क्रममा रहेको।
- प्रज्ञा प्रतिष्ठानद्वारा विभिन्न ६ स्रष्टाहरूलाई पुरस्कार सम्मान गरिएको।
- सामुदायिक विद्यालयहरूलाई तहगत आधारमा खेलकुद सामग्री व्यवस्थापनको लागि विद्यालयहरूलाई रकम निकासा गरिएको ।
- नारायणी बहुप्राविधिक र भरतपुर वहुप्राविधिक शिक्षालयहरूलाई आ.व. २०८१-८२ मा छनौट भई प्रशिक्षणरत कार्यगत अभ्यास सहितको तालिम सञ्चालन निरन्तरता ।
- मेयरकप विद्यालयस्तरीय खेलकुद अन्तरगत खुला बुद्धिचाल प्रतियोगिता, अन्तर विद्यालय फुटबल प्रतियोगिता र अन्तर विद्यालय क्रिकेट प्रतियोगिताहरू सम्पन्न ।
- महानगरपालिकाले यसै महानगरभित्रका विद्यालयहरुको सहभागितामा सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ सफल रुपमा सम्पन्न गरेको । सो प्रतियोगिताबाट विभिन्न खेल विधामा प्रथम र द्बितीय हुने ४० वटा विद्यालयका १२६ जना खेलाडिहरुलाई १९ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि गराई जिल्ला स्तरमा प्रथम स्थान हासिल गर्न सफल भएको ।
- सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक शिक्षालयहरूको व्यवस्थापनको लागि तोकिएको मापदण्ड बमोजिम अनुदान वितरण गरिएको ।

⇨ <u>जनस्वास्थ्य प्रवर्द्धन तर्फ</u>

प्रमुख प्रशासकीय अधिकृत

- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार बापत खर्च (मासिक रु.५०००।-) का दरले जम्मा रकम रु.१ करोड ५१ लाख १२ हजार ५ सय वितरण गरिएको।
- १८५ जना मुटुरोग, क्यान्सर, मृगौला रोग लगायत ८ वटा कडा रोग लागेका विपन्न नागरिकलाई उपचार सहुलियतका लागि सिफारिस गरिएको ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र १ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकाहरुलाई जुकाको औषधी वितरण गरिएको ।
- करिब १५० जनाको सहभागितामा खोप, पोषण, सुरक्षित मातृत्व, क्षयरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण लगायतका स्वास्थ्य कार्यक्रम तथा आयुर्वेद कार्यक्रमहरुको समीक्षा तथा कार्ययोजना तयारी गरिएको ।
- महानगर अन्तर्गतका ४० वटा स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि सामाग्री नियमित आपुर्ति गरिएको छ ।

⇨ **महिला बालबालिका तथा समाजकल्याणतर्फ**

- यस चौमासिकमा १०७ जनाको छोरी उमङ्ग जीवन बीमा वापत रु ३० लाख ५४ हजार ९ सय १९ राष्ट्रिय बीमा कम्पनी ली. लाई रकम भुक्तानी गरिएको र छोरी उमङ्ग जीवन बीमा नवीकरणका लागि २६६ जना बापत रु १२ लाख १४ हजार २२ रुपेयाँ राष्ट्रिय बीमा कम्पनी ली. लाई रकम भुक्तानी गरिएको।
- वडा नं २७ लाई बालमैत्री वडा घोषणा गर्न पहिलो प्रेम नेपालको आर्थिक सहयोग अन्तिम चरणमा रहेको ।
- वडा नं ८ लाई बालमैत्री वडा घोषणा गर्न महानगरपालिकाको वजेटबाट कार्य सञ्चालन अन्तिम चरणमा रहेको ।
- संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन, जनयुद्ध सबै प्रकारका आन्दोलनमा सहिद/मृतक तथा वेपत्ता पारिएका परिवारका सदस्यहरुलाई रु २००० का दरले जीवन निर्वाह भत्ता ९६ जनालाई उपलब्ध गराइएको ।
- मध्यम अपाङ्गता भएका व्यक्तीहरुका लागि नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत ६८ घरपरिवारका ३४० जनाको बीमाको लागि रु २ लाख ३८ हजार स्वास्थ्य बीमा वोर्डलाई भुक्तानी गरिएको ।

प्रमुख प्रशासकीय अधिकृत

- उद्यम विकास कार्यक्रम वडा ११ मा शुरु भई वडा स्तरीय अभिमुखीकरण कार्यक्रम,धरधुरी सर्भेक्षण गरि ७० जनालाई ८ दिनको उद्यमशीलता तालिम संञ्चालन गरि ४० जनालाइ दुना टपरी र बेसार खेती तालिम सञ्चालन गरेको।

⇨ <u>संघसस्था समन्वय तथा सामुदायिक परिचालन तर्फ</u>

- भरतपुर महानगरपालिकाको ७०% र गै.स.सको ३०% लागत साझेदारीमा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान भइसकेको छ ।
- परियोजना परामर्श नगर समितिको बैठक बसी ९ वटा संस्थाहरुलाई कार्य सञ्चालन स्वीकृत तथा समिक्षा गरिएको छ।
- १० लाख भन्दा कम रकम भएका ४ वटा संस्थालाई कार्य संञ्चालन गर्न रु १९ लाख २९ हजारको स्वीकृति प्रदान गरिएको छ।
-

⇨ <u>सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ</u>

- आ.व. २०८२।२०८३ मा जम्मा जन्मदर्ता १३१० मध्ये महिला ६१४ र पुरुष ६९६ रहेको छ । मृत्य दर्ता ५५६ मध्ये महिला २६६ पुरुष २९० जना रहेको छ भने विवाह दर्ता ९२३ वटा, सम्बन्ध विच्छेद १६६, बसाइँसराइ आउने ५९० र बसाईंसरी जानेको सङ्ख्या २२० रहेको छ ।
- चालु आ.व.को प्रथम त्रैमासिक सम्म ३० हजार ९० जना लाभग्राहीलाई जम्मा रु ३० करोड ५५ लाख १२ हजार २५ रुपैया सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।
- पुराना हस्तलिखित ११ हजार ६३० घटना दर्ता अभिलेखहरुको डिजिटाईजेशन गरिएको छ।

⇨ <u>कृषि तर्फ</u>

- बार्हैं महिना सिंचाईको लागि बोरिङ्ग निर्माणमा अनुदान कार्यक्रम अनुगमन भै छनौटको क्रममा
- बढ्दो विषादि प्रयोगलाई न्यूनीकरण गरी स्वस्थ बाली उत्पादनको सन्दर्भमा महानगरपालिका भित्र ६ वटा आई.पि.एम. कृषक पाठशाला संचालन भैरहेको
- माटो स्वास्थ सुधार कार्यक्रम अन्तर्गत भरतपुर महानगरपालिकाको विभिन्न वडाहरुबाट माटोको नमुना संकलन गरी परीक्षण भैसकेको र माटो सुधारको लागि चुन वितरण प्रकियामा रहेको

प्रमुख प्रशासकीय अधिकृत

- आ.व. ०८१/०८२ को कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत कृषि उपकरण, अटयाच्मेन्ट वितरण गरिएको, आ.व. २०८२/०८३ कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा अटयाचमेन्टमा अनुदान उपलब्ध गराउने कार्यक्रम लाभग्राही छनौटको क्रममा
- रैथाने बाली खेति प्रवर्द्धन गर्न रैथाने बाली कोदो, फापर खेति गर्ने कृषकलाई प्रति कठ्ठा रु १०००/- अनुदान कार्यक्रम अन्तर्गत कोदो बालीको लागि सम्पन्न भएको र फापरको लागि छनौटको अन्तिम चरणमा रहेको
- संघ र प्रदेशको विभिन्न कृषि विकास कार्यक्रमहरु अन्तर्गत छनौट भएका लाभग्राहीसँग सम्झौताको चरणमा रहेको
- प्रदेशको केही कार्यक्रमहरुको लाभग्राही छनौटको प्रक्रियामा रहेको

⇨ <u>पशुसेवा तर्फ</u>

- हालसम्म २१ हजार ७ सय ७१ पशुहरुमा कृत्रिम गर्भाधान कार्यक्रम सम्पन्न भएको, १६ हजार १ सय ३२ मेडिकल उपचार भएको, १ हजार ८ सय ९० गाइनोकोलिकल उपचार, १५३ सर्जिकल उपचार, २३ हजार ६८ परजीवी नियन्त्रण, १९ हजार ५ सय ३८ खोप सेवा ,५ हजार ९ सय ५८ प्रयोगशाला परीक्षण सेवाबाट ८ हजार ८ सय ३४ कृषक लाभान्वित भएका छन्।
- सामुदायिक पशु व्यवस्थापन, उपचार तथा खोप तथा जुनोटिक कार्यक्रमहरूका लागि औषधि आपूर्ति प्रक्रियामा छन्।
- दूध उत्पादनमा अनुदान कार्यक्रमको अनुगमन सम्पन्न भएको जसमा ७० बटा समूह सहकारी तथा निजी फर्मका ९ हजार ६ सय २३ जना कृषकहरुले उत्पादन गरेको २ करोड ५१ लाख ७२ हजार १८८ लिटर दुधको अनुदान प्राप्त गर्नेछन्।
- पशु उपचार औषधि खरिदका लागि सम्झौता भइसकेको छ भने पशुहरुको भिडियो एक्सरे मेसिन खरिद कार्यको मूल्याङ्कनको चरणमा रहेको
- ६ बटा हिट डिटेक्ट मेसिन खरिद सम्पन्न भइसकेको तथा सहकार्यमा काउलिफ्टिङ मेसिन वितरण कार्यक्रमका लागि सूचना आवह्वान गरिएको छ।
- संघ तथा प्रदेशतर्फका कार्यक्रमहरूमा अनुदान, उपकरण सहयोग, फर्म सुदृढीकरण तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सम्झौताको चरणमा छन् जसमा मत्स्य प्रबर्द्धन वडा नं. २३ मा ६ जना लाभग्राहीहरु र पशु प्रबर्द्धन तर्फ वडा नं. २३ मा ८ लाभग्राहीहरु छनौट भएका छन्।

⇨ <u>सहकारी तथा रोजगार प्रवर्धन तर्फ</u>

प्रमुख प्रशासकीय अधिकृत

❖ सहकारी संस्थाहरुको माग र आवश्यकता बमोजिम विनियमावली शंसोधनका लागि ३० वटा संस्थालाई सैद्धान्तिक सहमति प्रदान गरिएको र १८ वटा संस्थाको विनियम शंसोधन स्वीकृत गरिएको ।

❖ यस आ.व. को दोस्रो त्रैमासिकमा मा १८ वटा सहकारी संस्थाहरुको अनुगमन सम्पन्न गरिएको ।

❖ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सहकारी नियमन प्रधिकरणमा परेका उजुरीहरुको छानविन गरी पत्राचार गरिएको, नयाँ सञ्चालन समिति र पुराना सञ्चालन समितिबीच भएको विवादमा परेका उजुरीहरुको वारेमा सरोकारवालाहरुलाई कार्यालयमा उपस्थित गराई विवाद समाधान गरिएको साथै सहकारी पीडितवाट रकम फिर्ता गर्न परेका निवेदन अनुसार सरोकावाला सहकारी संस्थाका पदाधिकारीहरु सँग छलफल गरि रकम फिर्ता गर्न निर्देशन गरिएको ।

❖ सनराईज बचत तथा ऋण सहकारी संस्था, भरतपुर —३, को आर्थिक हिनामिनाको लेखा परीक्षण गरे वापत लेखा परीक्षकलाई दिनु पर्ने रकमको लागी जिल्ला सहकारी संघ र राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा लाई पत्रचार गरि भुक्तानी गरिएको ।

⇨ <u>संस्कृति पर्यटन तथा सम्पदा संरक्षण तर्फ</u>

❖ स्थानीय पर्यटन प्रवर्द्धन र आय आर्जन वृद्धिका लागि होम स्टे संचालन तथा व्यवस्थापन ऐन २०८२ कार्यान्वयनमा आएको ।

❖ कृषि पर्यटन प्रवर्द्धन गर्न भरतपुर महानगरपालिका भित्रका कृषि तथा पशुपालनका अवलोकन योग्य स्थलहरुको नक्साङ्कन गर्न प्रत्येक वडाहरुबाट विवरण संकलन गर्ने कार्य भईरहेको छ।

⇨ <u>रोजगार सेवा केन्द्र तर्फ</u>

❖ २०८० बैशाख १ गते बाट सुरुवात भएको श्रम तथा पुनः श्रम स्वकृति आबेदन कार्यलाई निरन्तरता दिदै यस चौमासिकमा जम्मा २७९ जना श्रमिकहरुको श्रम तथा पुनःश्रम स्वीकृति आबेदन कार्य सम्पन्न गरिएको

❖ वैदेशिक रोजगारको क्रममा मृत्यु हुनु भएका श्रमिकहरुको शब नेपाल झिकाउनको लागि विभाग र वोर्डसँग समन्वय गरी आवश्यक प्रक्रिया सुरु गरि घर सम्म शव ल्याउने कार्यलाई सहजीकरणमा निरन्तरता दिइएको, (यस चौमासिकमा १ जना)

प्रमुख प्रशासकीय अधिकृत

- वैदेशिक रोजगारको क्रममा अपाङ्ग हुनु भएको र मृत्यु हुनु भएको श्रमिकहरुले पाउनुपर्ने आर्थिक सहयोगका लागि विभागसँग समन्वय तथा FEWIMS प्रणालीमा Entry गर्ने कार्यलाई निरन्तरता दिइएको (यस चौमासिकमा ३ जना)
- वैदेशिक रोजगारको क्रममा मृत्यु हुनु भएको श्रमिकहरुको सन्ततिले पाउनुपर्ने छात्रवृत्तिको आबेदन फारम FEWIMS System मा Entry गर्ने कार्य सम्पन्न गरिएको, जसमा ४५ जनाको छात्रवृत्तिमा फारम भरि बोर्डसँगको सहकार्यमा भुक्तानी सम्पन्न गरिएको ।
- लक्षित्त वर्ग कार्यक्रमः रोजगार सिर्जना अन्तर्गत ४० जनालाई Cook, Waiter कार्यक्रम सञ्चालन तथा अनुगमन सम्पन्न गरिएको।
- रोजगार शाखा बाट गरिएका कार्यहरुको जानकारी रोजगार समाचार मार्फत प्रदान गरिएको ।

⇨ <u>जनशक्ति विकास तथा सुशासन तर्फ</u>

- नियमित कार्यपालिका बैठक तथा नगर सभा सञ्चालन
- ७० जना कर्मचारीको आन्तरिक सरुवा तथा कामकाज लागि खटाइएको
- ४६२ जना ज्यालादारी कर्मचारीको सम्झौता गरिएको
- डिजिटल हाजिरी अनुगमन तथा व्यवस्थापन
- ७ जना नगर प्रहरी पदपूर्ति गरिएको

⇨ <u>न्यायिक समिति तर्फ</u>

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) अनुसार १ वटा मुद्दा दर्ता भएको छ ।
- अन्य विविध ११ वटा मुद्दाहरु छलफलको क्रममा रहेको।
- विभिन्न महाशाखा/शाखा तथा वडा कार्यालयबाट माग भए बमोजिम विविध १० शीर्षकमा कानूनी राय प्रदान गरिएको ।
- महानगरपालिका तथा वडा कार्यालय समेतका विरुद्धमा दायर भएका विभिन्न प्रकृतिका-११ वटा मुद्दाहरुको कानूनी रुपमा प्रतिवाद गरिएको ।

⇨ <u>शासकीय सुधार इकाई/उपभोक्ता हित संरक्षण शाखा तर्फ</u>

- फछ्यौंट तथा जबाफ पठाइएका उजुरी संख्या — २५ (पच्चिस) (अख्तियार, जिल्ला प्रशासन कार्यालय, सहकारी विभाग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त उजुरीहरु फछ्यौंट गरिएको )
- इमेलबाट प्राप्त उजुरी, उजुरी पेटीकामा परेको उजुरी, सेवाग्राही उपस्थित भई दिएको उजुरी तथा गुनासाहरुको संख्या — १४ (चौध) ( सबै फछ्यौंट भएको)

अधिकृत

❖ इमेलबाट प्राप्त उजुरी, उजुरी पेटीकामा परेको उजुरी, सेवाग्राही उपस्थित भई दिएको उजुरी तथा गुनासाहरुको संख्या — १४ (चौध) ( सबै फछ्र्यौट भएको)

❖ हेल्लो सरकारबाट प्राप्त उजुरी — ३३ (तेत्तिस) (३२ वटा फछ्र्यौट भएको)

❖ आ.व.२०८२/८३ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न (महानगर तथा वडा कार्यालयहरुको)

❖ संयुक्त बजार अनुगमन — ४१ (एकचालिस पसल, व्यवसाय)

❖ बजार अनुगमनका सम्बन्धमा विज्ञसहितको टोलीबाट आकस्मिक रुपमा अनुगमन भइरहेको साथै अन्य सम्बन्धित सरोकारवालाहरुबाट बजार अनुगमनका लागि अनुरोध भई आएका अनुगमन टोलीमासमेत संलग्न हुने गरेको ।

⇨ **आन्तरिक व्यवस्थापन तथा जिन्सीतर्फ**

❖ २४७ वटा व्यावसायिक कम्पनी तथा फर्म सूचीकृत गरिएको छ।

❖ ९ वटा पेट्रोल मोटरसाइकल, १ वटा ह्विल एस्काभेटर, डबल क्याब योद्धा पिकअप २, २ वटा इलेक्ट्रिक कार, २ वटा पेट्रोल स्कुटर खरिद गरिएको छ ।

❖ पत्रु मालसामानको मिनाहा तथा लिलाम बिक्री प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

❖ प्रशासकीय भवन समुद्घाटन लगायत विभिन्न कार्यक्रमहरुको व्यवस्थापन गरिएको छ ।

⇨ **नगर प्रहरी व्यवस्थापन तर्फ**

❖ नगर प्रहरीले फुटपाथ व्यवस्थापन, नारायणी नदी किनार र बसपार्कहरूमा राजस्व संकलन अम्ब्रेला स्ट्रिट, क्रिकेट रंगशाला, दियालो बंगला संग्रहालयको सुरक्षाको जिम्मेवारी र मापदण्ड विपरितका संरचना हटाउने साथै केरुङ्गा र पुंगी खोला सीमाङ्कन कार्यमा सहयोग गरेको छ।

⇨ **योजना तथा बजेट तर्फ**

❖ ३४ वटा नगरस्तरीय योजनाहरु उपभोक्ता समितिमार्फत गर्नेगरी सम्झौता भएका छन् ।

❖ ९० वटा नगरस्तरीय विभिन्न योजनाहरु अनुगमन गरी भुक्तानीको लागि सिफारीस भएका छन् ।

❖ LGPAS कार्यविधि २०८२ कार्यान्वयनका लागि समिति गठन भई कार्यप्रारम्भ भएको ।

⇨ **सूचना तथा सञ्चार प्रविधितर्फ**

❖ गत भदौ २३ र २४ गतेको जेन्जि आन्दोलनबाट नष्ट र क्षतविक्षत भएका इन्टरनेट टेलिफोन लगायतको सेवा पूर्ण रुपमा व्यवस्थापन गरिएको ।

प्रमुख प्रशासकीय अधिकृत

- महानगरपालिकाले हालसम्म २ सय ५० फरक फरक स्थानमा सिसि क्यामरा जडान गरिसकेको ।
- स्वत: प्रकाशन नियमित रुपमा हुँदै आएको ।

⇨ <u>खरिद इकाईतर्फ</u>

- आ.व. २०८२/८३ देखि EGP System मा प्रकाशित बोलपत्र/दरभाउपत्र सूचना संख्या -१४५ मध्ये १०४ वटा सम्झौता, १७ वटा सम्झौता र मूल्याङ्कन चरणमा रहेको छ भने ठेक्का खोल्न बाँकी २४ वटा रहेका छन्।

⇨ <u>भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत)तर्फ</u>

- नयाँ नक्सा पास (नयाँ र तला थप)- २२७०
- निर्माण सम्पन्न संख्या — ५४५
- नक्सा नामसारी — १०८
- प्रतिलिपि लगेको — २४
- संशोधन (नक्सा) — ८
- कित्ता संशोधन — ८
- नक्सा दर्ता — २५५
- भरतपुर महानगरपालिका नक्सापास तथा अभिलेखीकरणबाट  २करोड ६६ लाख ८० हजार ४ सय ४९ राजस्व संकलन भएको छ ।

⇨ <u>विपद व्यवस्थापन तर्फ</u>

- ०८२ श्रावण देखि हालसम्म ६० वटा आगलागीका घटनाहरु नियन्त्रण गर्न महानगरको वारुणयन्त्रद्वारा सेवा प्रवाह गरिएको।
- विभिन्न विपदमा परेका २९ जना विपद लाभग्राहीलाई ९ लाख ७५ हजार राहत उपलब्ध गराइको।
- नारायणगढ तथा भरतपुरको शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापनका लागि सरोकारवालाहरुको वृहत बैठक बसी यातायात व्यवस्थापनका कार्यहरु भइरहेको, राजमार्गमा रहेका टिकट काउन्टरलाई बसपार्क केन्द्रित गरिएको, ट्राफिक व्यवस्थापनका लागि ट्राफिक प्रहरीलाई करिब २ लाख ५० हजारका सामाग्री उपलब्ध गराइएको । जिल्लाको सुरक्षा संयन्त्र तथा महानगर प्रहरीको संयुक्त प्रयासमा ट्राफिक व्यवस्थापनका कार्यहरू भइरहेको ।

- नियमित विपत् सञ्चार सन्देश प्रवाह गरिएको ।
- स्थानीय विपद तथा उत्थानशील योजना तयारीको क्रममा रहेको
- खोज तथा उद्धार सामाग्री खरिद प्रक्रियामा रहेको ।

⇨ **सरसफाई तथा हरियाली प्रवर्द्धन शाखा तर्फ**

- नियमित सरसफाई कार्यको अनुगमन गरिएको ।
- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गर्न ५०/५० प्रतिशतको लागत साझेदारीमा कम्पोस्ट रिङ च्याम्बर वितरण गरिएको ।
- जथाभावी फोहोर फाल्नेलाई रु ५०० देखि २५ हजार सम्म जरिवाना गरिएको ।
- नारायणी नदी किनार रासी नदी किनार लगायत सार्वजनिक स्थलहरुमा सरसफाई अभियान सञ्चालन गरिएको ।
- गोलाघाट देखि चौविसकोठी र कसराचोक देखि चौविसकोठी चोकसम्म रहेका विद्युतीय पोलहरुमा रङरोगन गरी सौन्दर्यीकरण गरिएको ।
- भरतपुर महानगरको ठोस फोहोर व्यवस्थापनका लागि प्रस्तावित ठोस फोहोर प्रशोधन केन्द्र निर्माण आयोजनाका लागि प्रयोग हुने भरतपुर महानगरपालिका वडा नं ११ मा अवस्थित जग्गा प्रयोगका लागि आवश्यक EIA को कार्य अन्तिम चरणमा पुगेको र सो जग्गा प्रासिका लागि वन मन्त्रालय, विभाग तथा जिल्ला वन कार्यालय भरतपुरसंग निरन्तर सहकार्य भै रहेको साथै सो कार्यका लागि आवश्यक रकम रु ३ करोड १ लाख को श्रोत सुनिश्चित गरी सकेको ।

⇨ **हरियाली प्रवर्द्धन शाखा**

- महानगरपालिकाभित्रका विभिन्न वडाहरुमा विभिन्न सडकको दाँया बाँया ११ हजार विरुवा वृक्षारोपण कार्य ठेक्का प्रक्रिया द्वारा रोपण भई सम्पन्न भएको ।
- महानगरपालिकाका २९ वटै वडामा आँप लिचि, एभोकार्डो, कटहर लगायतका फलफूलका विरुवाहरु वितरण गरिएको ।
- जिल्ला वन कार्यालयबाट प्राप्त विरुवाहरु आवश्यकताका आधारमा रोपण तथा वितरण गरिएको ।
- विभिन्न समयमा महानगरपालिका परिसर, दियालो वङ्गाला परिसर आपँटारी चौविसकोठी आइल्याण्डमा सिजनल फूलका विरुवाहरु रोपिएको ।
- Six लेन सडक खण्ड बाइपास सडक खण्डमा विरुवाहरु मरेको स्थानमा पुनः वृक्षारोपण गरिएको

प्रमुख प्रशासकीय अधिकृत

- कार्यालय प्रमुखः बीरेन्द्र देव भारती, प्रमुख प्रशासकीय अधिकृत (रा.प. प्रथम, सहसचिव)
- सम्पर्क नं. ९८५१२७५९४७
- सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

**९. ऐन, नियम, विनियम वा निर्देशनको सूचीः**

**यस त्रैमासिकमा ऐन, कार्यविधि र निर्देशिका पारित नगरिएको ।**

**१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण**

**मिति २०८२ माघ १ देखी २०८२ चैत्रमसान्तसम्म विभिन्न शिर्षकमा संकलन भएको राजश्व जम्मा रु ३४,३५,९८,९८४।**

**व्यय विवरण :**

२०८२ चैत्रमसान्त सम्मको खर्च विवरण

| विनियोजित रकम | बार्षिक बजेट (रु हजारमा) | खर्च रकम (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|
| १ चालुतर्फ | २,५९,५१,१०,८८१। | १,३८,३२,६३,५६४ | ५३.३ |
| २ पूँजिगततर्फ | २,६२,७६,१८,११९। | ७५,४३,८३,४६३। | २८.७१ |
| जम्मा | ५,२२,३०,७९,०००। | २,१३,७६,४७,०२७। | ४१ |

प्रमुख प्रशासकीय अधिकृत

११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः

| क्र स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | कान्छीमाया लामाको हकमा संरक्षक छोरी सुकरानी लामा | आ. व ०८२/०८३ पिच निर्माण सम्बन्धमा उपभोक्ता समितिलगायतका विवरण | २०८२/१२/१७ | ११६४३ | प्रकृयामा रहेको |

प्रमुख प्रशासकीय अधिकृत